# अपिहिमाल गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय
# खण्डेश्वरी दार्चुला
# आर्थिक वर्ष २०७९/०८०
# को वार्षिक समिक्षा प्रगती प्रतिवेदन

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

<u>तयार पार्नेः</u>

योजना शाखा

अपिहिमाल गा.पा.

**पृष्ठभुमीः**

नेपाल राज्यको पुर्नसंरचना संगै नेपालको सूदुरपश्चिम प्रदेश अन्तरगत दार्चुला जिल्लाको दुर्गम क्षेत्रमा अवस्थित (साविकका गा.वि.स.हरु घुसा, खण्डेश्वरी सितोला र गुल्जर) गरि ४ वटा गा.वि.स.हरुलाई सामायोजन गरेर ६ वटा वडाहरु रहेको अपिहिमाल गाउँपालिका हो । यस गाउँपालिकाको पूर्वमा बझाङ जिल्लाको काँडा गाउँपालिका,पश्चिममा मार्मा र नौगाड गाउँपालिका उत्तरमा व्याँस गाउँपालिका र दक्षिणमा बझाङ जिल्ला संग सिमाना जोडिएको छ । कुल ६१३.९५ वर्ग कि.मि क्षेत्रफल ओगटेको यस गाउँपालिकामा जम्मा १२९८ घरधुरी रहेका छन् भने जनसंख्या ७९४३ रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भए वमोजिम गत आ.व.को वार्षिक प्रगती समिक्षा चालु आ.व.को पहिलो चौमासिक भित्र गर्नुपर्ने भएकाले यस अपिहिमाल गाउँपालिकाको गत आ.व.२०७८/०७९ को वार्षिक प्रगति समिक्षा गरिएको छ ।

**उद्धेश्यहरुः**

१.गत आर्थिक वर्षका योजना तथा कार्यक्रमको प्रगति विवरण जानकारी गराउने ।

२.गत वर्षका कमिकमजोरीहरु लाई आत्मसाथ गर्दै चालु आ.व.मा सुधार गर्दै जाने ।

३.लक्ष्य वमोजिम उपलब्धिको तुलना गर्ने ।

४.स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था लागु गर्ने ।

५.गाउँपालिका वाट प्रवाह भएका सेवा तथा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको वारेमा वार्षिक समिक्षाको माध्यम बाट आमसर्वसाधारणहरु लाई जानकारी गाराउने ।

**समिक्षा कार्यक्रममा गरिएका कृयाकलापहरुः**

१.अपिहिमाल गाउँपालिका भित्रका वडा तथा शाखाहरु बाट संचालित सेवा प्रवाह र सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको विवरण Power Point मा तयार गरि प्रस्तुतिकरण गरिएको थियो ।

२.उक्त समिक्षा कार्यक्रममा कार्यपालिका सदस्य,गाउँसभा सदस्य,राजनितिक दलका प्रतिनिधि,शाखा प्रमुख लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

३.कार्यक्रममा पालैपालो प्रगति विवरण प्रस्तुत गर्दै उपस्थित कार्यपालिका सदस्य,गाउँसभा सदस्य र राजनितिक दलका प्रतिनिधिहरु बाट सुझाव सल्लाह लिने कार्य गरिएको थियो ।

४.गत आ.व.मा गरिएका कृयाकलापहरु बाट भएको सिकाइ लाई आत्मसाथ गर्दै चालु आ.व.मा अझै प्रभावकारी रुपमा सेवा प्रभाव लगायत सम्पुर्ण योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्न सुझाव सल्लाह संकलन गरिएको थियो ।

५.शाखागत रुपमा काम गर्दाका समस्या,चुनौती तथा समाधानका लागि गरिएका प्रयासहरुको वारेमा समिक्षा गरिएको थियो ।

**उपलव्धीः**

१.समग्रमा गत आ.व.मा प्रभाव गरिएका सेवा तथा सम्पन्न गरिएका योजना तथा कार्यक्रमहरुको वारेमा अन्तरकृयात्मक रुपमा छलफल गरि आगामी दिनमा अझ थप गुणस्तरिय रुपमा सेवा प्रभाव तथा योजना कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता गरिएको छ ।

२.गत आ.व.मा प्रभाव गरेका सेवा तथा सम्पन्न गरिएका योजना तथा कार्यक्रमहरुबाट भएको सिकाइ लाई आत्मसाथ गर्दै चालु आ.व.मा अझै प्रभावकारी सेवा दिने गरि कर्मचारीहरुको मनोवल उच्च रहेको पाइयो ।

**समिक्षा कार्यक्रमको उपस्थिति विवरणः**

समिक्षा कार्यक्रममा अपिहिमाल गाउँपालिका गाउँकार्यपालिका सदस्य गाउँ सभा सदस्य नि.प्रमुख प्रशासकीय अधिकृत शाखा प्रमुख लगायत अन्य कर्मचारी गरि ३१ जनाको सहभागिता रहेको थियो ।

नि.प्रमुख प्र...

## समिक्षा कार्यक्रमका फोटाहरुः







नि.प्रमुख प्रशासकीय अधिकृत


REDMI NOTE 10 PRO
26/06/2023 12:08


REDMI NOTE 10 PRO
17/10/2022 14:35

प्रशासकीय अधिकृत